आज मिति २०७८ साल फागुन १६ गते सोमबारका दिन यस साँफेबगर नगरपालिकाका नगर प्रमुख श्री कुल बहादुर कुँवरज्यूको अध्यक्षतामा आ.व.२०७८/०७९ को ११औं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितीमा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

**उपस्थितीः**

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री कुल बहादुर कुँवर | अध्यक्ष एवं नगर प्रमुख | ९८५१०७७११८ | |
| २. | श्री बिर्मला देवी बुड्थापा | सदस्य एवं नगर उप-प्रमुख | ९८६८७०७४४६ | |
| ३. | श्री अमर बहादुर शाह | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१ | ९८६८४३६५५५ | |
| ४. | श्री कालु सिंह कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-२ | ९८४८६५०७१२ | |
| ५. | श्री कृष्ण बहादुर बुढा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-३ | ९८६५६२६२६४ | |
| ६. | श्री बालगिरी कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-४ | ९८४८६७७५०२ | |
| ७. | श्री उजिरे साउँद | सदस्य एवं वडा अध्यक्ष वडा नं.-५ | ९८६८५२०५५६ | |
| ८. | श्री प्रेम राज शर्मा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-६ | ९८४८६१२७६० | |
| ९. | श्री मिठ्ठु सिंह भाट | सदस्य एवं वडा अध्यक्ष वडा नं.-७ | ९८४८४११६९९ | |
| १०. | श्री टंक बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-८ | ९८६९१५६८६६ | |
| ११. | श्री ध्रुब बहादुर थापा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-९ | ९८४८५५४०३५ | |
| १२. | श्री लाल बहादुर खडका | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१० | ९८४८६९२९४८ | |
| १३. | श्री गणेश बहादुर खडका | सदस्य एवं वडा अध्यक्ष वडा नं.-११ | ९८६५८३२६४५ | |
| १४. | श्री प्रकाश बहादुर राना | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१२ | ९८४८५३०१९१ | |
| १५. | श्री सागर सिंह सोनार (बाब्ली) | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१३ | ९८५८४२६५२४ | |
| १६. | श्री कर्ण बहादुर साउँद | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१४ | ९८४८६७७९८६ | |
| १७. | श्री जीत बहादुर निशानी लुहार | सदस्य | ९८६२५०१०८८ | |
| १८. | श्री दुरी देवी कुँवर | सदस्य | ९८१४६६७२१० | |
| १९. | श्री सुरत बहादुर भुल | सदस्य | ९८६९४४०७५९ | |
| २०. | श्री सावी मिजार | सदस्य | ९८०४६८३८३५ | |
| २१. | श्री शंकर भुल | सदस्य | ९८४८६००८७६ | |

| | | | | |
|---|---|---|---|---|
| २२. | श्री जयन्ती देवी बोगटी | सदस्य | ९८६८८००१८२ | |
| २३. | श्री सावित्री देवी कुँवर | सदस्य | ९८४०६८०६७२ | |
| २४. | श्री शान्ती देवी जोशी | सदस्य | ९८४८५२६५४९ | |
| २५. | श्री लक्ष्मी प्रसाद शर्मा | सचिव नि. प्र.प्र.अ. | ९८५८४३०१११ | |

**आमन्त्रितः**

| | | | | |
|---|---|---|---|---|
| १. | श्री डबल बहादुर बोहरा | कार्यबाहक वडा अध्यक्ष वडा नं. ५ | | |
| २. | श्री नृप विश्वकर्मा | कानुन शाखा उ.प्र. | ९८४८६०४१२० | |
| ३. | | | | |

प्रस्तावहरु

१. रिपोर्टिङ
२. लैससास सम्पर्क व्यक्ति तोक्ने सम्बन्धमा।
३. "ग" र "घ" वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई सहयोग गर्ने सम्बन्धमा।
४. जेष्ठ नागरिक देश दर्शन कार्यक्रम सम्बन्धमा।
५. उर्जा विकास कार्यक्रम सम्बन्धमा।
६. जेहेन्दार विद्यार्थी छात्रवृत्ति वितरण कार्यविधि २०७८ सम्बन्धमा।
७. ११२औं अन्तराष्ट्रिय महिला दिवस मनाउने सम्बन्धमा।
८. स्वास्थ्य विमा कार्यक्रम सम्बन्धमा।
९. सघन शहरी विकास कार्यक्रम सम्बन्धमा ।
१०. विविध
    क. बहुक्षेत्रीय पोषण योजना अन्तर्गत खानेपानी फिल्टर र कुखुराको चल्ला वितरण सम्बन्धमा।
    ख. वडा स्तरीय पुरुष भलिबल प्रतियोगिता तथा पालिका स्तरीय महिला भलिबल प्रतियोगिता आयोजना गर्ने सम्बन्धमा।
    ग. नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन समिति गठन गर्ने सम्बन्धमा।
    घ. नवप्रवर्तन साझेदारी कोष अवधारणा पत्र पेश गर्ने सम्बन्धमा।

**<u>निर्णयहरुः</u>**

**निर्णय नं. १**
प्रस्ताव नं.१ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको मिति २०७८ साल फागुन ३ गते सम्पन्न दशौं कार्यपालिका बैठक यता नगरपालिकाबाट भए गरेका कार्यक्रमहरुमा वडा नं. ३, ५, १२, ११ र ८ मा गरिब घरपरिवार परिचय पत्र वितरण कार्य सम्पन्न, स्वास्थ्य विमा गर्न जनप्रतिनिधी तथा कर्मचारीहरुलाई पुनः निर्देशन, गर्भवती सँग नगर उप-प्रमुख कोसेली कार्यक्रम सम्पन्न अन्य समसामयिक कृयाकलापहरुको बारेमा नगर प्रमुखज्यूबाट संक्षिप्त रुपमा रिपोर्ट प्रस्तुत भई वडा तहको रिपोर्टिङ सम्बन्धित वडा अध्यक्षको प्रस्तुति पश्चात कार्य सञ्चालनार्थ देखिएका समस्या तथा कमजोरीलाई नगर प्रमुखज्यूको सम्बोधन सहित आपसी सहमती तथा सहकार्यबाट समाधान गर्ने गरी रिपोर्टिङ कार्य सम्पन्न गरियो।
**निर्णय नं. २**

प्रस्ताव नं.२ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रमको लागि सम्पर्क व्यक्तिको रुपमा महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख श्री अनिता जोशीलाई तोक्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं.३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत १४ वटै वडामा रहेका "ग" र "घ" वर्गको अपाङ्गता परिचय पत्र प्राप्त गरेका व्यक्तिहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने नगरपालिकाको नीति भए अनुरुप तत्कालीन महिला बालबालिका तथा जेष्ठ नागरिक कार्यालय मंगलसेन अछामबाट परिचय पत्र प्राप्त गरेका व्यक्तिहरुलाई ७५ प्रतिशत र यस नगरपालिकाबाट परिचय पत्र प्राप्त गरेका व्यक्तिलाई शत प्रतिशत आर्थिक सहयोग उपलब्ध गराउने र जिल्ला बाहिर रहेकाको हकमा उक्त सहयोग रकम उपलब्ध गराउने नसकिने र सो कार्यको लागि यही मिति २०७८ साल फागुन २१ गते भित्र "ग" र "घ" वर्गका अपाङ्गता भएका व्यक्तिहरुको विवरण उपलब्ध गराउन १४ वटै वडा कार्यालयहरुलाई निर्देशन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत १४ वटै वडाहरुका ७० बर्ष उमेर पुरा गरेका प्रति वडा १ जना महिला र १ जना पुरुष गरी २ जना जेष्ठ नागरिकलाई देशका महत्वपूर्ण धार्मिक स्थलहरुको दर्शन गराई आत्मिक सन्तुष्टि दिलाउने उद्धेश्य अनुरुप देश दर्शन कार्यक्रम अन्तर्गतको भ्रमण कार्यक्रमको खर्च जेष्ठ नागरिक सँग नगर प्रमुख कार्यक्रमबाट  व्यहोर्ने गरी व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने र देश दर्शन कार्यक्रम अन्तर्गत भ्रमणमा जान चाहने ईच्छुक २ जना (१ जना महिला र १ जना पुरुष) जेष्ठ नागरिकहरुको विवरण यही मिति २०७८ साल फागुन २५ गते भित्र उपलब्ध गराउन १४ वटै वडा कार्यालयहरुलाई निर्देशन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व. २०७८/०७९ मा जि.आई.जेड/आर.इ.इ.इ.पी.को समन्वयमा यस साँफेबगर नगरपालिका अन्तर्गत उर्जा क्षेत्रको विकासका लागि विनियोजित बजेट रकम रु. १० लाख अन्तर्गत वडा नं. ९, १०, ११, १२, १३ र १४ का स्वास्थ्य चौकीहरुमा सौर्य बत्ती जडान कार्यमा खर्च गर्न  प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत बनेको जेहेन्दार विद्यार्थी छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०७८ पारितका लागि दफाबार छलफल हुँदा उक्त कार्यविधि उपर आवश्यक संशोधन सहित सर्वसम्मत बाट पारित गर्ने र सो कार्यविधिको अधिनमा रही पहिचान भएका गरिब घरपरिवार अन्तर्गत अति, मध्यम  तथा सामान्य गरिब परिचय पत्र प्राप्त गर्ने घरधुरीका सामाजिक सुरक्षा भत्ता प्राप्त नगर्ने घरपरिवारका जेहेन्दार छात्र छात्राहरुलाई लक्षित गरी छात्रवृत्ति रकम उपलब्ध गराउनु पर्ने भएकोले त्यस्ता विपन्न जेहेन्दार छात्र छात्राहरुको विवरण यही मिति २०७८ साल फागुन मसान्त भित्र उपलब्ध गराउन १४ वटै वडा कार्यालयहरुलाई निर्देशन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा गत विगत बर्षहरु झैं मार्च ८ तारिखका दिन मनाउँदै आएको अन्तराष्ट्रिय महिला दिवस यस बर्ष पनि विविध कार्यक्रमहरुको आयोजना गरी मनाउने भएकोले नगरपालिका तहमा विपन्न एकल महिला सँग नगर उप-प्रमुख कार्यक्रम अन्तर्गत खर्च व्यहोर्ने गरी प्रति वडा २ जनाका दरले विपन्न एकल महिला तथा महिला विकासको क्षेत्रमा विभिन्न कालखण्डमा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा योगदान पुरयाउने महिला अधिकारकर्मीहरुलाई सम्मान गर्ने कार्यक्रम भए अनुरुप त्यस्ता महिलाहरुको नाम सिफारिस लगायत समग्र कार्यक्रमको संयोजनका लागि यस नगरपालिकाका नगर उप-प्रमुख को संयोजकत्वमा तपसिल बमोजिम समिति गठन गर्ने र विपन्न एकल महिलाको विवरण यही मिति २०७८ साल फागुन २२ गते भित्र उपलब्ध गराउने साथै वडा तहमा मनाईने कार्यक्रमको हकमा सम्बन्धित वडाको आफ्नै स्रोतबाट खर्च व्यवस्थापन गर्ने गरी अन्तराष्ट्रिय महिला दिवस मनाउन १४ वटै वडा कार्यालयहरुलाई निर्देशन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| | | |
|---|---|---|
| १. | नगर उप-प्रमुख श्री बिर्मला देवी बुड्थापा | संयोजक |
| २. | अन्तरपार्टी महिला सञ्जाल अध्यक्ष श्री अप्सरा कुँवर | सदस्य |
| ३. | स.म.वि.नि. म.बा.तथा जे.ना.शाखा श्री अनिता जोशी | सदस्य |

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत जनप्रतिनिधी तथा कर्मचारीहरुको स्वास्थ्य विमा गरिसक्ने समयावधि यही मिति २०७८ साल फागुन १५ गते तोकिएकोमा विविध कारणबश उक्त समयावधि भित्र स्वास्थ्य

विमा गर्न छुटेका जनप्रतिनिधी तथा कर्मचारीहरुको लागि यही मिति २०७८ साल फागुन २३ गते सम्म थप गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा देशभरका २९३ नगरपालिका मध्ये ४४ वटा स्थानीय तहमा सघन शहरी विकास कार्यक्रम लागू भएको र त्यसमध्ये साँफेबगर नगरपालिका पनि ५० करोड अनुदान उपलब्ध हुने नगरपालिकाको सूचीमा समावेश भएकोले उक्त कार्यक्रमको लागि यस नगरपालिकाको आवश्यकता तथा औचित्यताको आधारमा तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गरी सञ्चालन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| क्र.सं. | आयोजनाको नाम |
|---|---|
| १ | <u>मुख्य शहरी पूर्वाधार योजना तर्फ</u><br>क) छिपेखोला वाईपास (महेन्द्र कडायतको घर) देखि छिपेखोला वारी किनार हुँदै बुढीगंगा मसानघाट सम्म सडक निर्माण साँफेबगर न.पा. ०४<br>ख) छिपेखोला पारी पक्कीपुल देखि बुढीगंगा मसानघाट सम्म सडक निर्माण साँफेबगर न.पा. ०७<br>ग) लुंग्रेलीगाड देखि वैद्यनाथ धाम सडक निर्माण साँफेबगर न.पा. १<br>घ) बयालपाटा बजार निर्माणाधीन वडा कार्यालय भवन हुदै महेन्द्र मा.वि. सम्म सडक निर्माण साँफेबगर न.पा. ८<br>ङ) हाटबजार नादेखोला नाला निर्माण साँफेबगर न.पा. ३<br>च) हाटबजार लामाखेत-डोप्का नाला निर्माण साँफेबगर न.पा. ३<br>छ) छिपेखोला एयरपोर्ट छेउ देखि साँफेबगर झोलुङ्गे पुल बजारसम्म सडक निर्माण साँफेबगर न.पा. ४<br>ज) घुघुरकोट वडा कार्यालय देखि डम्पिङ साइट हुँदै घुघुरकोट दरबार सम्म सडक निर्माण साँफेबगर न.पा. १०<br>झ) पुरानो ठाँटी बजार सडक र नाला निर्माण साँफेबगर न.पा. १०<br>ञ) जनकल्याण देखि एयरपोर्ट बजार सम्म सडक निर्माण साँफेबगर न.पा. ४ |
| २ | आय आर्जन सम्बन्धी पूर्वाधार योजना तर्फ<br>क) साँफे हाटबजार बसपार्क निर्माण साँफेबगर न.पा. ३<br>ख) तारेकुना मिनि मार्केट निर्माण साँफेबगर न.पा. ४ |
| ३ | सामुदायिक पूर्वाधार योजना तर्फः<br>क) सरुखेल्ने हरियाली पार्क निर्माण साँफेबगर न.पा. ३<br>ख) जाल्पादेवी मन्दिर परिसर हरियाली पार्क निर्माण साँफेबगर न.पा. २<br>ग) कालालेकी हरियाली पार्क निर्माण साँफेबगर न.पा. ११<br>घ) बयालपाटा खुला मञ्च  हरियाली पार्क निर्माण साँफेबगर न.पा. ८<br>ङ) सुगदह पोखरी संरक्षण साँफेबगर न.पा.१३<br>च) सिम्काथली पोखरी निर्माण साँफेबगर न.पा.११<br>छ) उनीसैन हरियाली पार्क निर्माण साँफेबगर न.पा.१२<br>ज) खप्तड गणेश पाटन हरियाली पार्क निर्माण साँफेबगर न.पा. १२<br>झ) भिउढुंगा हरियाली पार्क निर्माण साँफेबगर न.पा. ८<br>ञ) मोतीपुर हरियाली पार्क निर्माण साँफेबगर न.पा.७<br>ट) विमकोट दरबार हरियाली पार्क निर्माण साँफेबगर न.पा.४ |

| | |
|---|---|
| | ठ) ढिक्केकोट हरियाली पार्क निर्माण साँफेबगर न.पा.५<br>ड) रानीसैन पोखरी निर्माण साफेबगर न.पा. ९<br>ढ) घुघुरकोट दरबार हरियाली पार्क निर्माण साँफेबगर न.पा.१०<br>ण) जुम्लीगडा पोखरी निर्माण साँफेबगर न.पा.१४<br>त) नाइनी पोखरी निर्माण साँफेबगर न.पा.१२<br>थ) तेलढोल्ने आम पोखरी निर्माण साँफेबगर न.पा.६<br>द) कुपसैन पोखरी निर्माण साँफेबगर न.पा.१<br>ध) चुल्ठे पोखरी निर्माण साँफेबगर न.पा.१०<br>न) टौका हरियाली पार्क निर्माण साँफेबगर न.पा.४<br>ऩ) भगवती हरियाली पार्क निर्माण साँफेबगर न.पा.४ |
| ४ | शहरी शासकीय पूर्वाधार निर्माण तर्फः<br><br>क) स्टोर, शाखा, नगर प्रमुख, उप-प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत आवास गृह निर्माण साँफेबगर न.पा.४ |

**निर्णय नं. १०**

(क) यस साँफेबगर नगरपालिकामा सञ्चालित बहुक्षेत्रीय पोषण योजना अन्तर्गत यस आ.व.२०७९/८० मा १०० वटा खानेपानी फिल्टर वडा नं. १, २, ५ र ६ बाहेकका बाँकी वडाहरुका गरिब घरपरिवारको सूचीमा रही परिचय पत्र प्राप्त गरेका घरधुरिहरुका सुनौलो हजार दिन भित्रका आमाहरुलाई वितरण गर्ने सर्वससम्मत निर्णय पारित गरियो ।

(ख) त्यसैगरी सुनौलो हजार दिन भित्रका आमाहरुलाई लक्षित गरी उनीहरुको पोषण अवस्थामा सुधार ल्याउन वडा नं. ३, ९ र १२ मा प्रति परिवार ४ वटाका दरले कुखुराको चल्लाहरु वितरण गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

(ग) यस साँफेबगर नगरपालिकामा खेलकुद क्षेत्रको विकासका लागि युवाहरुलाई आकर्षित गर्न यही मिति २०७८ साल फागुन १९, २० र २१ गते वडास्तरीय पुरुष भलिबल प्रतियोगिताको आयोजना गर्ने र त्यसैगरी मिति २०७८ साल चैत्र २ गते देखि साँफेबगरमा पालिका स्तरीय महिला भलिबल प्रतियोगिता आयोजना गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

(घ) नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम यस साँफेबगर नगरपालिकामा उक्त साझेदारी कोष कार्यान्वयनका लागि तपसिल बमोजिमको कार्यान्वयन समिति गठन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| | |
|---|---|
| नगर उप-प्रमुख श्री बिर्मला देवी बुड्थापा | संयोजक |
| कार्यपालिका सदस्य श्री शंकर भुल | सदस्य |
| कार्यपालिका सदस्य श्री जयन्ती देवी बोगटी | सदस्य |
| श्री लक्ष्मी प्रसाद शर्मा प्र.प्र.अ. | सदस्य |
| कृषि विकास शाखा प्रमुख श्री हिरे सार्की | सदस्य |
| सूचना प्रविधि अधिकृत श्री अम्बर बहादुर बोहरा | सदस्य |
| प्रशासन शाखा प्रमुख श्री शंकर बहादुर थापा- | सदस्य सचिव |

(ङ) सुदूरपश्चिम प्रदेश, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम धनगढी कैलालीको मिति २०७८११/१५ गतेको नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन अवधारणा पत्र पेश गर्ने सम्बन्धीको प्रकाशित सूचनानुसार यस साँफेबगर नगरपालिकाले नविनतम प्रविधि मार्फत परम्परागत कृषि तथा पशुपालन व्यवसायमा आधुनिकीकरण गरी रोजगारी प्रबर्द्धन गर्ने गरी **"कृषि तथा पशुपालन व्यवसायमा आधुनिकीकरण र प्रबर्द्धनात्मक परियोजना"** नामक नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन अवधारणा पत्र सुदूरपश्चिम प्रदेश, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम धनगढी कैलालीमा पेश गर्ने सर्वसम्मत पारित गरियो ।

उल्लेखित निर्णयहरु पारित गर्दै आजको बैठक सम्पन्न गरियो ।